*Tejganga Darpan, Vol. 3, No.1, August 2024*

# अभिलेखीय पदावली सङ्गतिमा रूपात्मक योजन

डा.विदुर चालिसे

सहप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौं नेपाल

bidurc592@gmail.com

Received: May 26, 2024; Revised & Accepted: July 12, 2024

Copyright: Chalise (2024)

This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0International License.

**लेखसार**

यस लेखमा नेपाली भाषाको अभिलेखहरूमा प्रयोग भएका पदावलीका घटकहरूको क्रमिक व्यवस्थाको बारेमा विश्लेषण गर्दै तिनका संरचक घटकहरू एवं पदसङ्गतिका बारेमा चिनारी गराउने कार्य गरिएको छ । यसका साथै जिज्ञासुहरूमा अभिलेखीय नेपाली भाषा र व्याकरणमा प्रयोग भएका त्यस्ता संरचना, घटक एवं प्रक्रियाको बारेमा विश्लेषण गरी अभिलेखमा तिनीहरूको पहिचान र प्रयोगलाई स्पष्ट पार्ने काम गरिएको छ । नेपाली अभिलेखको अध्ययनका क्रममा भेटिएका पदसङ्गति व्यवस्थाको घटकीय सूचनाका विभिन्न प्रकारका स्वरूपहरूलाई वर्गीकरण गरी तिनीहरूको ऐतिहासिक क्रमिक विकासलाई निर्यौल गर्ने काम समेत गरिएको छ । साथै अभिलेखीय नेपाली भाषामा हुने पदसङ्गति प्रक्रियाका प्रारूपका नयाँ सूचनालाई ऐतिहासिक तथ्यसहित् अति सङ्क्षेपमा उदाहरणहरू प्रस्तुत पनि गरिएको छ ।

**शब्दकुञ्जी :** नाम–सम्बन्धपद, नाम–कोटिकार, मुख्य–सहायक क्रिया, नाम–विशेषण,  कर्मवाच्य–क्रिया ।

## विषय परिचय

ऐतिहासिक अभिलेखमा प्रयुक्त नेपाली भाषामा स्पष्ट रूपमा रहेका पदहरूको सङ्गति व्याकरण रचनाको एक नियमित र व्यवस्थित प्रक्रियाको रूपमा देखिन्छ । नेपाली व्याकरणमा सङ्गति भन्नाले लिङ्ग, वचन, पुरुष र आदरार्थी रूपका सङ्केतक भाषिक एकाइहरू हुन् (गौतम, २०५८, पृ. ४८) । यसरी प्रयोग हुँदै आएका यस्ता नियमहरू क्रमिक रूपले अखिलेखमा पनि विकास भएर आएको पनि देखिन्छ । यसका साथै अन्य शब्द वर्गको पनि अभिलेखमा प्रयोग भएर पदावलीहरू बनेका देखिन्छन् । यसलाई नोम चम्स्कीले रूपहरूको सङ्गतिलाई सहसम्बन्धात्मक वाक्यतात्विक घटकहरूबीच रूपतात्विक योजनका प्रकारको रूपमा मानेको देखिन्छ । यसैलाई उनले **अधिशासन** र **सङ्गति**को प्रारूपमा रूपहरूको सन्दर्भलाई उल्लेख गरेको समेत देखिन्छ (यादव र रेग्मी, २०६४, पृ. १४२) । वाक्यका घटकहरू पद वा पदावलीहरू बिच

शाब्दिक रूपका माध्यमले योजनबाट सम्बन्ध स्थापित् हुने प्रक्रिया रूपतात्विक योजन भए पनि यसै मान्यताको आधारमा विभिन्न शब्द वर्गको आधारबाट योजन हुने शब्दले अधिग्रहण गरेको पदहरूको योजन गर्ने प्रक्रियालाई पनि पद सङ्गतिको रूपमा हेरिएको छ । यसै सङ्गति व्यवस्थालाई यहाँ पदावली व्यवस्थाको अर्थमा प्रयोग गरिएको छ । यस अभिलेखीय नेपाली भाषाको अध्ययनमा रूपतात्विक योजनको **चिन्हित** वा **अचिन्हित**का जुनसुकै स्वरूप देखिए पनि पदहरू बिचको पदको सङ्गति अवस्थालाई संरचनाको अर्थमा देखाउने प्रयास गरिएको छ । यसैलाई केनिथ लि. पाइकले **एकाइ** र **क्रम–परम्परा**को रूपमा समेत व्याख्या गर्दै रूपार्थकहरूको व्याकरणात्मक अर्थमा खास स्थापित रूपमा रहेको प्रकार्य स्थान (slot) र भरक (filler) मा आउने तत्वको समन्वय संरचनामा पाइने विभिन्न वैकल्पिक शब्द वर्गहरूले खास रूपावली (पदावली) व्यवस्थालाई आत्मसात् गरेको हुन्छ (बन्धु, २०६६, पृ. ८९) भनेको समेत पाइन्छ । यसैले कथ्यताको लेख्य संरचनामा रहेको अभिलेखको भाषालाई वक्ताहरूले बोलिदिएको आधारमा तत्कालीन समाजले लेखिदिएको त्यस्तो अभ्यासिक प्रयासलाई जस्ताको तस्तै लेख्ने प्रयास गरेको देखिन्छ । अनुसन्धानका लागि ऐतिहासिक भाषिक स्वरूपको कथ्यकै भए पनि लेख्य स्वरूप चाहिन्छ । विगतका भाषाका स्वरूप, रचना र संरचनाका बारेमा अध्ययन गरेर खास निष्कर्षमा पुग्न वि.सं. ११५१ को वामु खड्काको अभिलेख (खनाल, २०६८, पृ. १७) देखि पृथ्वीनारायण शाहको वि.सं. १८३१ (दिव्योपदेश) सम्मको अभिलेखीय सामग्री (पोखरेल, २०४३, पृ. १५१) लाई केन्द्रित गरिएको छ । अभिलेखीय नेपाली भाषाको पदावली सङ्गति व्यवस्थाको रचनालाई केनिथ लि. पाइकको एकाइ र क्रम–परिवर्तन एवं विशेषत : नोम चम्स्कीको **अधिशासन** र **सङ्गति**सम्बन्धी मान्यताको केन्द्रीयतालाई प्रयोग गरी अभिलेखीय नेपाली भाषालाई पदावलीको सङ्गति पद्धतिको लागि प्राप्त सामग्रीहरूलाई विश्लेषण गर्ने कामसँग यो अध्ययन सम्बन्धित छ । यही सन्दर्भलाई निष्कर्ष निकाली ऐतिहासिक अभिलेखीय नेपाली भाषामा पाइने सङ्गति व्यवस्थाको प्रक्रियाहरूलाई निरूपणगर्ने काम गरिएको छ ।

## अध्ययनविधि तथा प्रक्रिया

अभिलेखीय नेपाली भाषाका पदावली सङ्गति व्यवस्थाका खाकाका घटकहरूमा आफ्ना रूपार्थी एवं शब्दार्थी सन्दर्भहरू हुन्छन् । ती रूपार्थी एवं शब्दार्थीहरूको सम्बन्ध, अर्थ विभेदक घटकहरूका कारणले बनेका अभिलेखीय नेपाली भाषामा प्रयोग भएका पदावलीहरू पनि फरक फरक रहेका देखिन्छन् । तिनको सङ्गति व्यवस्था पनि फरक फरक विकल्पहरूले संरचनाहरू बनेका पाइन्छन् । जसका कारणले पदावली बनोटमा पनि फरक देखिन्छ । यसरी बन्ने संरचनामा प्रयोग भएका घटकहरू फरक प्रक्रियाका लागि फरक फरक शब्द वर्गको प्रयोग हुनुका कारणले प्रारूपमा पनि फरक देखिन आउँछन् । यसरी हेर्दा अभिलेखीय नेपाली भाषाको त्यस्तो फरक सन्दर्भलाई समस्याका रूपमा हेरिएको छ । रूप एवं शब्द वर्गहरूमा रहेका विभिन्न

अर्थको आधारलाई केलाउँदा संरचनाको भरकको प्रकार्य स्थानहरू (slot) एकै देखिए पनि भरक तत्वहरू (fillers) फरक फरक समेत रहेका छन् । तसर्थ अभिलेखीय नेपाली भाषामा देखिने यस प्रकारका विभेदकहरू रूपशासन एवं शब्दशासनको आधारमा प्रयोग हुने पद वर्गको फरक प्रयोगमा पद र सङ्गतिहरू के कस्ता छन् भनी अभिलेखीय पदावली सङ्गति व्यवस्थाको निष्कर्ष दिन उपलब्ध अभिलेखीय नेपाली भाषाको ऐतिहासिक संरचनाको त्यस्तो सन्दर्भलाई बाँकी समस्याको रूपमा देखेर यस लेखको शीर्षकलाई चयन गरिएको छ ।

अभिलेखीय नेपाली भाषाका व्याकरणहरूका खाकामा आफ्ना रूपार्थी एवं शब्दार्थी सन्दर्भहरूसँग सम्बन्धित आवलीय संरचनामा फरक भरक तत्वको कारणले फरक फरक संरचनाको पहिचान गर्ने उद्देश्य राखिएको छ । तसर्थ प्रस्तुत गरिने यस्ता पदहरूको सङ्गति व्यवस्थाका लागि प्रकार्यका खाली स्थान क्रमश : एकै प्रकारको क्रममा देखिए पनि प्रयोग हुने घटकहरू फरक वैकल्पिक संरचक घटकका अर्थमा रूप एवं शब्द वर्गहरू देखिने हुँदा यिनीहरूमा रूपार्थी एवं शब्दार्थी विभेदक अभिलक्षणका समस्याहरू पनि छन् । तसर्थ पदहरूको संयुक्त रूपमा देखिने यस्ता पदावलीहरूलाई केलाई ऐतिहासिक संरचनामा रहेका तथ्यहरूलाई निरूपण गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ ।


विश्लेषणका लागि आवश्यक सामग्रीहरू पुस्तकालयीय विधिबाट सङ्कलन गरिनुका साथै अग्रजहरूबाट प्रकाशित अभिलेखीय नेपाली भाषाको आलेखसँग सम्बद्ध कृति (पुस्तक, पत्र-पत्रिका आदि) हरूमा प्राप्त सामग्रीहरू रहेका छन् । तत्कालीन कथ्यका अमानक लेख्य प्रणालीमा लिखित रूपमा प्रयोग भएका नेपाली पदावलीका संरचनाहरूलाई द्वितीयक सामग्रीहरूका रूपमा लिइएको छ । सकङ्लित सामग्रीहरूलाई विश्लेषण गर्न संरचनावादी भाषावैज्ञानिक केनिथ लि. पाइक को प्रकार्य स्थान (slot) र भरक तत्व (filler) सम्बन्धी मान्यता (बन्धु, २०६६, पृ. ८९) तथा रूपान्तरणवादी नोम चम्स्कीको अधिशासन (government) र सङ्गति (agreement) सम्बन्धी मान्यता (यादव र रेग्मी, २०६४, पृ. १४२) लाई विशेषत : शोधविधिको रूपममा प्रयोग गरिएको छ ।

## पदावली सङ्गतिसम्बन्धी व्याख्या विश्लेषण


जब उस्तै प्रकार्य स्थानमा भाषामा पदहरूका कारोबारहरू वैकल्पिक फरक तत्वले भरिएका देखिन्छन् तब त्यस्ता पदहरूका बिचमा देखिएर पद धारण गरेका रूपात्मक एवं शाब्दिक रखाइहरूमा अर्थगत विभेदकताहरू देखिई नयाँ नयाँ संरचनाहरू बन्न थाल्दछन् भने त्यसैलाई पदावली व्यवस्था वा पद सङ्गति भन्न सकिन्छ । तसर्थ भाषाभित्र आफ्ना साङ्केतिक सन्दर्भहरू समेत रहेका हुन्छन् र त्यसैलाई अर्थका रूपमा मानिन्छन् । संसारको हरेक भाषाले व्याकरणका आफ्नै सार्वभौम संरचनागत एवं शब्द वर्गगत अर्थहरूलाई आत्मसात् गरेको देखिन्छ । हरेक भाषामा आफ्नै प्रकारका रूप एवं शब्द वर्ग तथा रूपायक

तत्वहरूको व्यवस्था त हुन्छन् नै रूप, शब्द, पदावली, उपवाक्य, वाक्य एवं तिनको निर्माणमा खास घटकहरूको आफ्नै क्रम पनि रहेका हुन्छन् । अझ विशिष्ट अवयवहरूका आफ्नै प्रकारका अर्थ सन्दर्भहरू पनि देखिने गर्दछन् । यसै सन्दर्भमा अभिलेखीय नेपाली भाषाको पदावली संरचना निर्माणको भाषिक स्वरूपमा प्रयोग हुने प्रकार्यताको खाली स्थानसम्बन्धी अनिवार्य शर्त एवं भरकसम्बन्धी वैकल्पिक तत्वको रूपमा रहेको रूप एवं शब्दवर्गको वितरणले पदावली संरचना बनोटमा विभिन्न आयामहरूको निर्माण गरी दिन्छन् । त्यस्तो आयाम संयुक्त रूपमा प्रयोग हुने अर्थमा पदावलीको संरचनामा बेग्ला बेग्लै भरक तत्वको प्रयोग भएका पनि देखिन्छन् । यसरी फरक भरक तत्वले देखाउने आपूर्ति व्यवस्था भने एकै प्रकारको स्थानमा नै हुने गरेको पाइएको छ । यसरी फरक भरक तत्वले कुनै एकै प्रकारको खाली स्थानलाई पूर्ति गरिदिंदा त्यहाँ संरचनागत तहमा अर्थगत विभेदकताहरू पनि स्वतः पहिचान बोकेर आउँछन् । त्यस्ता पहिचान जब फरक भएर देखापर्दछन् भने त्यसैलाई संरचनावादीहरूको अर्थमा भिन्न क्रम–परम्परा एवं रूपान्तरणवादीहरूको अर्थमा अधिशासनको रूपमा बुझिन्छ । तसर्थ अभिलेखमा प्रयोग भएका यस्ता क्रम–परम्परा एवं अधिशासनहरू पदावलीका घटकहरूको प्रकार्यका उस्तै खाली स्थानमा भरक तत्व फरक प्रयोग गरेर अर्थ विभेदक गरिरहेका हुन्छन् भन्ने कुरालाई निम्नअनुसारको मान्यताका आधारमा देखाउन सकिन्छ :

**तालिका– १:** पदावली सङ्गतिसम्बन्धी संरचनावादी मान्यता




**तालिका– २:** पदावली सङ्गतिसम्बन्धी रूपान्तरणवादी मान्यता




## अभिलेखीय नेपालीमा पदावली सङ्गति व्यवस्था

अभिलेखीय नेपालीमा पदावली सङ्गति बुझ्नका लागि वि.सं. ११५१ को वामु खड्काको अभिलेखदेखि नै यस लेखमा अध्ययन गर्न खोजिएको भए तापनि प्राप्त पद सङ्गतिका सत्यताको आधारमा भने प्रारम्भिक रूपमा प्रयोग भएको तथ्यहरूलाई मात्र यस लेखमा विशेष महत्वका साथ अध्ययन गरिएको छ । तसर्थ

अभिलेखीय नेपाली भाषाको पदावलीको सङ्गति व्यवस्थाका लागि पदहरू नै मुख्य संरचक घटक हुन् । त्यसैले त्यस्ता संरचनाहरूभित्र पदहरूका बिच वि.सं. १३२७ मा प्रकाशित अक्षय मल्लको अभिलेखदेखि यता मात्रै नाम–विशेषण, नाम–सम्बन्धपद, कर्ता–क्रिया, नाम–कोटिकार एवं मुख्य पद–सहायक क्रियाको लिङ्गका बीचमा पद सङ्गति भएको देखिन्छ भने वि.सं. १४९७ मा प्रकाशित शक्ति ब्रह्मको अभिलेखदेखि यता नाम–समूह र वि.सं. १५०३ मा प्रकाशित शक्ति ब्रह्मको अभिलेखदेखि यता कर्मवाच्य–क्रियाका बिचमा पदसङ्गति भएको पाइएको छ (चालिसे, २०६३, पृ. २१२–२१६) । उक्त अभिलेखहरू जुम्ला, बझाङ, नुवाकोट आदि क्षेत्रका अभिलेखहरूमा प्रयोग भई आएका निम्नअनुसार देखिन्छन् :

**नाम–सम्बन्धपद**

अभिलेखीय नेपाली भाषामा प्रयोग भएका वाक्य भित्र नाम–सम्बन्ध पदका बिचमा निम्नअनुसारको सङ्गति भएको पाइन्छ । यस्ता प्रकारका सङ्गतिहरूको प्रकार्य स्थानहरू कुनैमा दायाँ र कुनैमा वायाँ प्रयोग भएका भेटिन्छन् । नाम–सम्बन्धपदको शीर्ष र आश्रित पदहरूको संचलन गरिने क्रम कथ्य–लेख्यको लेखनमा देखिने आधारका रूपमा समेत निम्नअनुसार प्रयोग भएको पाइन्छन् :

(क) अभिलेखीय वाक्य □ जयविद्याधर पण्डितका चेला-चेलानि भुचन्

(१३२७, अक्षय मल्ल; यात्री, २०३९, पृ.७३) ।

**वचन सङ्गति** □

| ***रूपतात्विक योजन*** | *पण्डितका चेला-चेलानि* |
|---|---|
| ***रूप¹*** □ | *१.* पण्डित□□*(आश्रित पद)* |
| ***सम्बन्धक*** □ | *२.* का□□*(चिन्हित)* |
| ***रूप²*** □ | *३.* चेला-चेलानि □ *(शीर्ष पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा नामपद (चेला-चेलानी) र आश्रित पदको रूपमा सम्बन्ध पद (पण्डित) देखिएको छ भने चिन्हकको रूपमा बहुवचन जनाउने सम्बन्धक (का) को प्रयोग भएको देखिन्छ ।

(ख) अभिलेखीय वाक्य □□पण्डितका चेला .....चारू जना ....करि पाइ

(१३२७, अक्षय मल्ल; यात्री, २०३९, पृ. ७३) ।

**आदर सङ्गति** □

| ***रूपतात्विक योजन*** | *पण्डितका चेला* |
|---|---|
| ***रूप***[1] □<br>***सम्बन्धक*** □<br>***रूप***[2] □ | १. पण्डित□□*(आश्रित पद)*<br>२. का□□*(चिन्हित)*<br>३. चेला□ *(शीर्ष पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा नामपद (चेला) र आश्रित पदको रूपमा सम्बन्ध पद (पण्डित) देखिएको छ भने चिन्हकको रूपमा प्रयोग भई आदर जनाउने सम्बन्धक (का) को प्रयोग भएको देखिन्छ ।

(ग) अभिलेखीय वाक्य[१] □□वहिताम्माको आलो १ थापाको हुँदो ....पसाकि अक्र्याछुं

(१३७८, आदित्य मल्ल; खनाल, २०३०, पृ. १-३) ।

**लिङ्ग सङ्गति**(पु.) □

| ***रूपतात्विक योजन*** | *थापाको हुँदो* |
|---|---|
| ***रूप***[1] □<br>***सम्बन्धक*** □<br>***रूप***[2] □ | १. थापा□□*(आश्रित पद)*<br>२. को□□*(चिन्हित)*<br>३. हुँदो□ *(शीर्ष पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा आश्रित पदको रूपमा नामपद (थापा) र शीर्ष पदको रूपमा सम्बन्ध पद (हुँदो) देखिएको छ भने चिन्हकका लागि पुलिङ्गको रूप जनाउने सम्बन्धक (को) को प्रयोग भएको देखिन्छ ।

(घ) अभिलेखीय वाक्य[२] □□अकुरालि रोल बुढा रौल्याकि हुंदि ..

(१४८५, इन्द्रवर्मा चन्द्रवर्मा अधिकारी: २०४३, पृ. १०५) ।

**लिङ्ग सङ्गति**(स्त्री.)□

| ***रूपतात्विक योजन*** | *रौल्याकि हुँदि* |
|---|---|
| ***रूप***[1] □<br>***सम्बन्धक*** □<br>***रूप***[2] □ | १. रौल्या□□**सम्बन्ध पद***(आश्रित पद)*<br>२. कि□□**चिन्हक***(चिन्हित)*<br>३. हुँदि□ **नाम***(शीर्ष पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा आश्रित पदको रूपमा नामपद (रौल्या) र शीर्ष पदको रूपमा सम्बन्ध पद (हुँदि) देखिएको छ भने चिन्हक जनाउन स्त्रीलिङ्गका रूपमा सम्बन्धक (कि) को प्रयोग भएको देखिन्छ । अभिलेखीय नेपालीमा सम्बन्ध पदका रूपमा आउने सर्वनाम र अप्राणीवाचक नामका लागि स्त्रीलिङ्गको प्रयोग गर्ने प्रचलन वि. सं. १४१३ मा प्रकाशित पृथ्वी मल्लको अभिलेखदेखि प्रयोग भएको "मेरि जन्मौति ढोया" देखि वि. सं. १५९७ मा प्रकाशित भान शाहीसम्मको अभिलेखमा प्रयोग भएको "मेरि वात जानौला" समेत देखिन्छ । त्यस्ता सर्वनाम र अप्राणीवाचक नामका लागि पुलिङ्गको प्रयोग गर्ने प्रचलन भने वि. सं. १७७९ मा प्रकाशित अडै भूम र मलै भूमको अभिलेखमा प्रयोग भएको "मेरो जग्गा" देखि मात्र प्राचीन तथा मध्यकालमा प्रयोग भएको स्त्रीलिङ्गी सम्बन्ध पद पछि पुलिङ्गमा प्रयोग भएर आएको समेत भेटिन्छ । त्यस्तै अभिलेखीय नेपालीका माथि उल्लिखित पदावली तहका संरचनामा कर्तरी प्रयोग पाए तापनि अप्राणीवाचक, भाववाचक, समूहवाचक र व्यक्तिवाचक शब्दका अगाडि पुलिङ्ग 'को' सम्बन्धकको सट्टामा स्त्रीलिङ्ग सम्बन्धक 'कि' को प्रयोग भएको समेत निम्नअनुसार रहेको भने भेटिन्छ :

(ङ) ओथिकि सौज्याल(१३३६, रिपु मल्ल; यात्री, २०३४, पृ. २४१) ।

(च) मल्लकि शाखा (१३७८, आदित्य मल्ल; खनाल, २०३०,पृ.१-३) ।

(छ) कनकपत्रकि भाष् (१३९३, पुण्यमल्ल; योगी, २०२२, पृ.७६१) ।

(ज) पुण्यमल्लकि शाखा (१३९४, पुण्यमल्ल; योगी, २०२२, पृ.७६२) ।

(झ) कनकपत्रकि भाषा (१४१३, पृथ्वीमल्ल; योगी, २०१३, पृ.४९-५२) ।

(ञ) तासकि आमा (१४२४, सूर्य मल्ल; भट्टराई : २०३७, पृ. ८९-९१) ।

(ट) इनुकि साषा (१४३४, अभय मल्ल; सुवेदी, ई.१९७९, पृ. ९१-९२) ।

(ठ) मल्लकि भाष (१४४०, अभयमल्ल; अधिकारी, ई.१९९७, पृ. १९८) ।

(ड) गोठिथांकि किर्तिषम्व (१४४४; सन्तोषी ठाकुर; यात्री, २०३९, पृ. ११) ।

(ढ) मलैम्भंकि माया (१४४६ मलय वर्मा; अधिकारी, २०४३, पृ. १२) ।

(ण) आलाकि दोहोलि (१४५०, मेदिनी वर्मा; योगी, २०१३, पृ. १०३-१०५) ।

(त) वलिराजाकि मया (१४५५ बलिराज; योगी, २०१३, पृ. १६५) ।

(थ) चेलीको चेली (१४६१, वलिराज र मेदिनी वर्मा; योगी, २०१३, पृ. १०९) ।

माथि उल्लिखित प्रयोग भएका (ङ) देखि (थ) सम्मका पदावलीले अभिलेखीय नेपालीको पदावली तहमा आधुनिक नेपालीको उभयलिङ्गी जस्तो नभएर ऐतिहासिक नेपालीमा निर्जीव पदार्थ पनि पुलिङ्गी अथवा स्त्रीलङ्गी दुवैमा प्रयोग हुन सक्थ्यो (पोखरेल, २०२०, पृ. २०) भन्ने तर्क चाहिँ माथिका पदावलीहरूले स्पष्ट

पारेको देखिन्छ । तसर्थ वाक्यको तहमा अभिलेखीय नेपालीमा वि.सं. १३३६ मा प्रकाशित रिपु मल्लको अभिलेखदेखि बाहेकमा कर्मणी प्रयोग देखिदैंन भने पदावली तहमा आधुनिक नेपालीको तुलनामा केही परिवर्तन देखिन्छ ।

**कर्ता–क्रिया पद**

अभिलेखीय नेपाली भाषामा प्रयोग भएका वाक्य भित्र कर्ता–क्रिया पदका बिचमा निम्नअनुसारको सङ्गति भएको पाइन्छ । यस्ता प्रकारका सङ्गतिहरूको प्रकार्य स्थानहरूमा कर्ता बायाँ र क्रिया दायाँ प्रयोग भएका भेटिन्छन् । कर्ता–क्रिया पदको शीर्ष र आश्रित पदहरूको संचलन गरिने क्रम कथ्य–लेख्यको लेखनमा देखिने आधारका रूपमा समेत निम्नअनुसार प्रयोग भएका पाइन्छन् :

(क) अभिलेखीय वाक्य □ जयविद्याधर पण्डितका चेला-चेलानि भुचन्

(१३२७, अक्षय मल्ल; यात्री, २०३९, पृ.७३) ।

**वचन सङ्गति** □

| ***रूपतात्विक योजन*** | *चेला-चेलानि भुचन्* |
|---|---|
| ***रूप[1]*** □ | *१. चेला-चेलानि □□(शीर्ष पद)* |
| ***रूप[2]*** □ | *२. भुच् □ (आश्रित पद)* |
| ***सम्बन्धक*** □ | *३. -अन् □□(चिन्हित)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा कर्ता (चेला-चेलानि) र आश्रित पदको रूपमा क्रिया (भुच्) देखिएको छ भने चिन्हकको रूपमा बहुवचन जनाउने क्रिया प्रत्यय (-अन्) को प्रयोग भएको देखिन्छ ।

(ख) अभिलेखीय वाक्य □ चेलिको चेलो आदि भुँच ।

(१३२७, अक्षय मल्ल; यात्री, २०३९, पृ.७३) ।

| ***रूपतात्विक योजन*** | *चेला-चेलानि भुचन्* |
|---|---|
| ***रूप[1]*** □ | *१. चेलो □□(शीर्ष पद)* |
| ***रूप[2]*** □ | *३. भुच् □ (आश्रित पद)* |

| | |
|---|---|
| ***सम्बन्धक*** □ | *२. -अ □□(चिन्हित)* |

**लिङ्ग सङ्गति** □

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा कर्ता (चेलो) र आश्रित पदको रूपमा क्रिया (भुच्) देखिएको छ भने चिन्हकको रूपमा पुलिङ्ग जनाउने क्रिया प्रत्यय (-अ) को प्रयोग भएको देखिन्छ । आधुनिक नेपालीका पश्चिम क्षेत्रका केही भाषिकामा कर्मणी प्रयोग भएको र पुरानो नेपाली भाषामा पनि कर्मणी प्रयोगको प्रभाव(पोखरेल, २०२०, पृ. २४) पाइएको उल्लेख भए तापनि अभिलेखीय नेपालीमा कर्ताअनुसारको क्रियाको प्रयोग निम्नअनुसार रहेको देखिन्छ :

(ग) जैराज प्रसाद करायो (१३३७, अक्षय मल्ल; थापा, २०३१, पृ.७५) ।

***१. जैराज-*** *कर्ता* ***२.प्रसाद–*** *कर्म* ***३. करायो–*** *क्रिया*

(घ) नागदेव नाम कमायो (१३३७, अक्षय मल्ल; थापा, २०३१, पृ. ७५) ।

***१.नागदेव–*** *कर्ता* ***२.नाम–*** *कर्म* ***३.कमायो–*** *क्रिया*

(ङ) पुणमल्लको अदिस पूर्वतिर ला(ग)यो (१३८५, पुण्य मल्ल; खनाल, २०३०, पृ. ९-१०) ।

***१.आदेश–*** *कर्ता* ***२.लाग्यो–*** *क्रिया*

(च) दान संकलक्ले पायो (१४४६, मलय वर्मा; अधिकारी, २०४३, पृ. १२) ।

***१.दान–*** *कर्म* ***२.संकलकले–****कर्ता* ***३.पायो–*** *क्रिया*

**नाम–कोटिकार**

अभिलेखीय नेपाली भाषामा प्रयोग भएका पदावली भित्र नाम–कोटिकार पदका बीचमा निम्नअनुसारको सङ्गति भएको पाइन्छ । यस्ता प्रकारका सङ्गतिहरूको प्रकार्य स्थानहरूमा नाम वायातिर र कोटिकार दायातिर निम्नअनुसार प्रयोग भएका भेटिन्छन् :

(क) अभिलेखीय वाक्य[१] □ पण्डितका चेला सर्वु जसु जयतु गुनु चारू जना..

(१३२७, अक्षय मल्ल; यात्री, २०३९, पृ.७३) ।

| | |
|---|---|
| ***रूपतात्विक योजन*** | *चारु जना* |

| | | |
|---|---|---|
| **लिङ्ग सङ्गति**(पु) □ | ***रूप*****¹** □ | *१. चारु* □□ *(शीर्ष पद)* |
| | ***सम्बन्धक*** □ | २. च *(शून्य)* □□ *(अचिन्हित)* |
| | ***रूप*****²** □ | ३. जना □ *(आश्रित पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा सङ्ख्यावाचक नामपद (चारु) र आश्रित पदको रूपमा कोटिकार पुलिङ्गी (जना) देखिएको छ भने चिन्हकको रूपमा च (शून्य) जनाउने अचिन्हित सम्बन्धकको प्रयोग भएको समेत देखिन्छ ।

(ख) अभिलेखीय वाक्य[२] □ दुइ गोटी कमारी नकु गुण भन्याकी नेवार्नीकन

(१८३०, पृथ्वीनारायण शाह; वज्राचार्य र श्रेष्ठ, २०३७, पृ. ११४) ।

| | | |
|---|---|---|
| | ***रूपतात्विक योजन*** | *दुई गोटी (कुमारी)* |
| **लिङ्ग सङ्गति**(स्त्री) → | ***रूप*****¹** □ | *१. दुई* □□ *(शीर्ष पद)* |
| | ***सम्बन्धक*** □ | २. च *(शून्य)* □□ *(अचिन्हित)* |
| | ***रूप*****²** □ | *३. गोटी (कुमारी)* □ *(आश्रित पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा सङ्ख्यावाचक नामपद (दुई) र आश्रित पदको रूपमा कोटिकार स्त्रीलिङ्गी (गोटी) देखिएको छ भने चिन्हकको रूपमा च (शून्य) जनाउने अचिन्हित सम्बन्धकको प्रयोग भएको समेत देखिन्छ ।

**मुख्य–सहायक क्रिया**

अभिलेखीय नेपाली भाषामा प्रयोग भएका पदावली भित्र मुख्य–सहायक क्रिया पदका बिचमा निम्नअनुसारको सङ्गति भएको पाइन्छ । यस्ता प्रकारका सङ्गतिहरूको प्रकार्य स्थानहरूमा मुख्य क्रिया बायाँतिर र सहायक क्रिया दायातिर निम्नअनुसार प्रयोग भएका भेटिन्छन् :

(क) अभिलेखीय वाक्य □ राइका भाष पसाकि अक्रि ।

(१३२७, अक्षय मल्ल; यात्री, २०३९, पृ. ७३) ।

| | |
|---|---|
| ***रूपतात्विक योजन*** | *पसा कि(गरि) अक्रि* |

**लिङ्ग सङ्गति □**

| | |
|---|---|
| ***रूप¹*** □ | *१. कि(गर्) □□(शीर्ष पद)* |
| ***सम्बन्धक*** □ | *२. –इ (कृदन्त) □□(चिन्हित)* |
| ***रूप²*** □ | *३. अक्रि □ (आश्रित पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा मुख्य क्रिया (गर्) र आश्रित पदको रूपमा सहायक क्रिया (अक्र) देखिएको छ भने चिन्हकको रूपमा '–इ' (कृदन्त) जनाउने चिन्हित सम्बन्धकको प्रयोग भएको समेत देखिन्छ ।

**नाम–विशेषण**

अभिलेखीय नेपाली भाषामा प्रयोग भएका पदावली भित्र नाम–विशेषण पदका बिचमा निम्नअनुसारको सङ्गति भएको पाइन्छ । यस्ता प्रकारका सङ्गतिहरूको प्रकार्य स्थानहरूमा नाम पद बायाँतिर र विशेषण पद दायातिर निम्नअनुसार प्रयोग भएका भेटिन्छन् :

(क) अभिलेखीय वाक्य □ पद्मो जोइसीका कान्सा चेला पदमनाभा धामु दुहु जना

*(१३७८, आदित्य मल्ल; खनाल, २०३०, पृ. १-३)*

**वचन /आदर सङ्गति □**

| ***रूपतात्विक योजन*** | *कान्सा चेला* |
|---|---|
| ***रूप¹*** □ | *१. कान्स् □□(आश्रित पद)* |
| ***सम्बन्धक*** □ | *२. –आ □□(चिन्हित)* |
| ***रूप²*** □ | *३. चेला □ (शीर्ष पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा नाम पद (चेला) र आश्रित पदको रूपमा विशेषण (कान्स्) देखिएको छ भने चिन्हकको रूपमा आदर तथा बहुवचनको '–आ' (प्रत्यय) जनाउने चिन्हित सम्बन्धकको प्रयोग भएको समेत देखिन्छ ।

**नाम–समूह जनाउने पद**

अभिलेखीय नेपाली भाषामा प्रयोग भएका पदावली भित्र नाम–समूह जनाउने पदका बिचमा निम्नअनुसारको सङ्गति भएको पाइन्छ । यस्ता प्रकारका सङ्गतिहरूको प्रकार्य स्थानहरूमा समूह जनाउने पद बायाँतिर र

नाम पद दायातिर निम्नअनुसार प्रयोग भएका भेटिन्छन् :

(क) अभिलेखीय वाक्य[१] □ जवको चिलो(बालो) .....ठेकि दिनु ।

(१४९७, शक्ति ब्रह्म; यात्री, २०३४, पृ. २४७) ।

**वचन सङ्गति□**

| ***रूपतात्विक योजन*** | *जवको चिलो* |
|---|---|
| ***रूप[१]*** □<br>***सम्बन्धक*** □<br>***रूप[२]*** □ | *१. जव □□(आश्रित पद)*<br>*२. को □□(चिन्हित)*<br>*३. चिलो □ (शीर्ष पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा समूह पद जनाउने (चिलो) र आश्रित पदको रूपमा नाम पद (जव) देखिएको छ भने चिन्हकको रूपमा एकवचनको 'को' (सम्बन्ध) जनाउने चिन्हित सम्बन्धकको प्रयोग भएको समेत देखिन्छ ।

(ख) अभिलेखीय वाक्य[२] □ परालको पुलो(मुठो) .....ठेकि दिनु

(१४९७, शक्ति ब्रह्म; यात्री, २०३४, पृ. २४७) ।

**लिङ्ग सङ्गति □**

| ***रूपतात्विक योजन*** | *परालको पुलो* |
|---|---|
| ***रूप[१]*** □<br>***सम्बन्धक*** □<br>***रूप[२]*** □ | *१. पराल □□(आश्रित पद)*<br>*२. को □□(चिन्हित)*<br>*३. मुठो □ (शीर्ष पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा समूह पद जनाउने (मुठो) र आश्रित पदको रूपमा नाम पद (पराल) देखिएको छ भने चिन्हकको रूपमा लिङ्ग, एकवचनको 'को' ( सम्बन्ध) जनाउने चिन्हित सम्बन्धकको प्रयोग भएको समेत देखिन्छ । माथि उल्लिखित (क) र (ख) वाक्यमा प्रयोग भएका 'चिलो' र 'मुठो' समूह नामसँग सम्बद्ध रहेको सरलकारक तथा अप्राणीवाचक समूहको लिङ्गका लागि कोटिकारको रूपमा समेत सङ्गति गरेको देखिन्छ ।

**कर्मवाच्य–क्रिया**

अभिलेखीय नेपाली भाषामा प्रयोग भएका पदावली भित्र कर्मवाच्य–क्रिया पदका बिचमा निम्नअनुसारको सङ्गति भएको पाइन्छ । यस्ता प्रकारका सङ्गतिहरूको प्रकार्य स्थानहरूमा कर्मवाच्य जनाउने क्रिया पद बायाँतिर र कर्मक नाम पद दायातिर निम्नअनुसार प्रयोग भएका भेटिन्छन् :

(क) अभिलेखीय वाक्य → गडोपारी जेजीको तिनरी उता काटियो

(१५०३, शक्ति ब्रह्म; सुवेदी, ई.१९७९, पृ.९६) ।

**कर्मवाच्य–क्रिया सङ्गति □**

| ***रूपतात्विक योजन*** | *तिनरी काटियो* |
|---|---|
| ***रूप¹*** □<br>***सम्बन्धक*** □<br>***रूप²*** □ | *१. तिनरी □□(शीर्ष पद)*<br>*२.* च*(शून्य, –इ(कर्मवाच्य रूपायक)* □*(अचि./ चि)*<br>*३. काट् □ (आश्रित पद)* |

अभिलेखीय नेपालीमा देखिएको यस्तो प्रकारको सङ्गतिमा शीर्ष पदको रूपमा नाम पद जनाउने कर्म (तिनरी) र आश्रित पदको रूपमा क्रिया धातु (काट्) देखिएको छ भने चिन्हकको रूपमा कर्मक नामसँग च (शून्य) अचिन्हित तथा क्रिया धातुमा कर्मवाच्य रूपायक '–इ' (प्रत्यय) चिन्हित सम्बन्धकको प्रयोग भएको समेत देखिन्छ ।

**निष्कर्ष**

अभिलेखीय नेपाली भाषाका पदावली सङ्गतिमा रूपात्मक योजनलाई अध्ययन गर्दा वि.सं.१३२७ मा प्रकाशित अक्षय मल्लको पहिलो अभिलेखदेखि रूपात्मक (रूप एवं शब्द) को संयोजनबाट पदावलीको सङ्गति व्यवस्था भएर अभिलेखीय नेपाली भाषामा आएको भेटिन्छ । यसरी क्रमिक रूपमा रूपावलीहरूको संयोजनका माध्यमबाट अधिशासन र सङ्गतिको व्याकरणिक पक्षहरू अभिलेखीय नेपालीमा देखिएको छ । यस्तै एकाइ र क्रम परम्परामा देखिने प्रकार्यताको खाली स्थान एवं भरक तत्वको वैकल्पिक घटक प्रयोगको संयोजनले पनि पदावलीको सङ्गति निर्माणमा भूमिका खेलेको देखिन्छ । पदावली संरचनामा संयोजनको व्याकरणिक कार्य सम्पन्न गर्नका लागि लिङ्ग, आदर, वचन एवं कारकका रूपमा रहेका रूपायक, सम्बन्धक एवं प्रत्यय लगायत अन्य विभिन्न सूक्ष्मतम भाषिक एकाइहरूको प्रयोग समेत भएको देखिन्छ । यसरी देखिएका संरचनाहरू विशेषत : वि.सं. १३२७ मा प्रकाशित अक्षय मल्लको अभिलेखदेखि यता मात्रै नाम–विशेषण, नाम–सम्बन्धपद, कर्ता–क्रिया, नाम–कोटिकार एवं मुख्य पद–सहायक क्रियाको लिङ्ग, आदर र वचनका बीचमा पद सङ्गति भएको देखिन्छ । यस्तै वि.सं. १४९७ मा प्रकाशित शक्ति ब्रह्मको अभिलेखदेखि यता नाम–समूह र वि.सं. १५०३ मा प्रकाशित शक्ति ब्रह्म कै अभिलेखदेखि यता कर्मवाच्य–क्रियाका

बीचमा पद सङ्गति भई पदावली बनेको पाइएको छ । तसर्थ आधुनिक नेपालीमा जस्तै अभिलेखीय नेपाली भाषाको वाक्यका संरचनाभित्र पनि पदहरूको संयोजनले पदावलीको संरचना बनेको स्पष्ट देखिन्छ ।

**सन्दर्भ सामग्री–सूची**


अधिकारी, सूर्यमणि (२०४३). *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण.* नेपाल एशियाली अध्ययन सस्थानकेन्द ।

अधिकारी, सूर्यमणि (ई.१९९७). *खश अधिराज्य.* निराला प्रकाशन ।

खनाल, मोहनप्रसाद (२०३०). *मध्यकालीन अभिलेख,* स्वयम् ।

खनाल, मोहनप्रसाद (२०६८). *नेपाली भाषाको हजार वर्ष.* राइनो पब्लिकेशन प्रा.लि ।

गौतम, देवीप्रसाद (२०५८). *नेपाली रूपान्तरण व्याकरण.* चिरञ्जीवी घिमिरे ।

चालिसे, विदुरकुमार(२०६३). *ऐतिहासिक अभिलेखका आधारमा नेपाली भाषाका व्याकरण तत्वमा क्रमिक विकासको अध्ययन (विद्यावारिधि शोध पत्र).* मानविकी तथा सामाजिकशास्त्र संकाय, त्रिवि ।

थापा, रमेशजङ्ग(सं.) (२०३१)."ऐतिहासिक पत्रस्तम्भ". *प्राचीन नेपाल.* ३०-३९ : १२३–१३८ ।

पोखरेल, बालकृष्ण (२०२०). *पाँचसय वर्ष (पहिलो संस्करण).* जगदम्बा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०४३). *पाँचसय वर्ष (तेस्रो संस्करण).* साझा प्रकाशन ।

बज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर(२०३७). *शाहकालका अभिलेख(पहिलो भाग).* नेपाल एशियाली अनुन्धान केन्द्र ।

भट्टराई, गोविन्दप्रसाद (२०३७). *नेपाल र नेपाली.* अच्यूतकुमारी भट्टराई ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०६४). *भाषाविज्ञान.* न्यू हिराबुक्स डष्टिव्युटर्स ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३४). *सेतीका तारा.* हिमाली सौगात प्रकाशन

यात्री, पूर्णप्रकाश नेपाल (२०३९). *राजा गगनिराजको यात्रा.* नेपाल रिसर्च एशोसिएटस् ।

योगी, नरहरिनाथ (२०१३). *इतिहास प्रकाश, अङ्क-२,भाग-१.* इतिहास प्रकाशक संघ ।

योगी, नरहरिनाथ (२०२२). *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह.* गोरक्ष प्रकाशनमाला ।

सुवेदी, राजाराम (ई.१९७९) "बझाङ जिल्लाका बाह्र अभिलेखहरू". *कन्ट्रिव्युशन टु नेप्लीज् स्टडिज्.* ६-२ : पृ. ७३-१०१ ।